मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.


मंकीपक्स बढ्न थालेपछि निगरानी बढाउन डब्लुएचओको आह्वानः पृष्ठ ३मा



◆ वर्ष : २७ ◆ अङ्क : २४९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ साउन १० गते मंगलवार (Tuesday, July 26. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भाः : ४/-




# सम्बन्धबिच्छेदका मुद्दा झापामा धेरै


**झापा, साउन ९।** जिल्ला अदालत झापाले आर्थिक वर्ष २०७८/०७९मा तीन हजार ८ सय ५७ वटा मुद्दा फैसला गरेको छ।

आर्थिक वर्ष २०७८/०७९मा सबैभन्दा बढी सम्बन्ध बिच्छेदका मुद्दा दर्ता र फैसला भएका हुन्। आर्थिक वर्ष २०७८/०७९ मा जिल्ला अदालत झापामा सम्वन्धविच्छेदका मुद्दा एक हजार ३ सय ८० वटा फैसला भएका हुन्। यो संख्या जम्मा देवानी मुद्दाको फैसलाको आधाभन्दा बढी हो।

आर्थिक वर्ष २०७७/०७८ बाट जिम्मेवारी सरेर आएका दुई हजार ८ सय ६८ र आर्थिक २०७८/०७९ मा दर्ता भएका तीन हजार ५ सय ५१ वटा गरी ६ हजार ४ सय १९ मुद्दामध्ये तीन हजार ८ सय ५७ वटा मुद्दा फैसला भएको हो। फैसला भएका मुद्दामा दुई हजार ४ सय १० वटा देवानी मुद्दा रहेका छन्।

त्यस्तै एक हजार ३ सय ९० वटा मुद्दा फौजदारी रहेको जिल्ला अदालत झापाले जनाएको छ। १२ वटा पुनरावेदन पत्रको फछ्र्यौट हुँदा रिटतर्फ भने ४५ वटा रिट निवेदनहरुको टुङ्गो लागेको जिल्ला अदालत झापाका तहसीलदार गणेश पाण्डेले जानकारी दिए।

जिल्ला अदालत झापामा अझै एक हजार ४ सय ६५ वटा देवानी, एक हजार ६८ वटा फौदारी मुद्दा, ४ वटा मुद्दा पुनरावेदन तथा २५ वटा रिट निवेदन गरी दुई हजार ५ सय ६२ वटा मुद्दा चालू अवस्थामा



रहेको बताइएको छ।

अदालतबाट आर्थिक वर्ष वर्ष २०७८/०७९ मा सजाय असुली समेत सन्तोषजनक रहेको जिल्ला अदालत झापाले जनाएको छ। २०७८/०७९ मा जम्मा हुन आएको ६ हजार ३ सय ९४ बर्ष १ महिना ७ दिन कैदमध्ये २ हजार ९८ वर्ष ९ महिना १० दिन कैद असुली भएको छ। अब ४ हजार २ सय ९५ बर्ष ३ महिना २७ दिन कैद बेरुजु रहेको जिल्ला अदालत झापाका तहसीलदार पाण्डेले जानकारी दिए।

त्यसैगरी जरिवानातर्फ कूल ४५ करोड करोड २८ लाख लाख ३४ हजार छ सय ६९ रुपैयाँ ७० पैसा लगत रहेकोमा छ करोड २६ लाख ३१ हजार सात सय पाँच रुपैयाँ जरिवाना असुली भएको छ। जरिवानाको बेरुजु लगत ४० करोड २ लाख २ हजार ८ सय ६४ रुपैयाँ ७० पैसा बाँकी रहेको बताइएको छ। बाँकी कैद तथा जरिवाना लागेका दुई हजार ३ सय १ जना मानिस फरार रहेको बताइएको छ।

देवानी मुद्दाको फैसला कार्यान्वयनका लागि दर्ता हुन आएका ७८० निवेदनमध्ये ४३० वटा मुद्दाको फैसला कार्यान्वयन भएको छ। यस्ता निवेदनहरुमा बण्डा छुट्याउने, बिगो भराउने, चलन चलाउने, क्षतिपूर्ति भराउने लगायतका रहेका छन्। फैसला कार्यान्वयनका ३५० वटा निवेदनहरु हाल कार्यान्वयनकै चरणमा रहेको बताइएको छ।

आर्थिक वर्ष २०७८/०७९मा अदालतले विभिन्न फौजदारी मुद्दाबाट पीडित भएका २५ जना पीडितलाई फैसलाले ठहरेको क्षतिपूर्ति रकम भराएको छ। यस्तो रकम पीडकबाट असुल गरी पीडितहरुलाई भराइएको हो। यसरी भराइएको रकम ४ लाख ३५ हजार रहेको छ।

त्यसैगरी अदालतले ५४ लाख ६७ हजार ७ सय १५ रुपैया अपराध पीडित राहात कोषमा जम्मा गर्न सफल भएको छ। यसरी जम्मा भएको रकम अदालतको फैसलाले ठहर बमोजिम जघन्य अपराधमा पीडित भएका पीडितहरुलाई भराउने गरिएको जिल्ला अदालत झापाले जनाएको छ।

## ब्ल्याकमेल गरी जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**काठमाडौं, साउन ९।** एक युवतीलाई निजी तस्वीरहरू सामाजिक सञ्जाल फेसबुकमा राखिदिने भन्दै ब्ल्याकमेल गरी जबरजस्ती करणी उद्योग गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा रुपन्देही गैडहवा गाउँपालिका-९ घर भएका २१ वर्षीय जगन्नाथ मल्लाह र १का १७ वर्षीय किशोर रहेका छन्। इलाका प्रहरी कार्यालय सालझण्डीबाट गस्तीमा खटिएको प्रहरी टोलीले सैनामैना नगरपालिकास्थित एकान्त ठाउँमा एक युवतीलाई रोई आत्तिएको अवस्थामा शनिबार राति फेला पारेको थियो।

युवतीलाई सोधपुछ गर्दा ती किशोरले ती युवतीको विभिन्न फोटाहरु फेसबुकमा राखी भाइरल गरिदिन्छु भन्दै ब्ल्याकमेल गरी शनिबार साँझ भेट्न बोलाई हामीलाई यौन सम्पर्क गर्न देऊ अनि मात्र तिम्रो फोटाहरु फालिदिन्छौ भनी त्रासमा पारेको बताइएको छ। उनीहरूले जबरजस्ती करणीको प्रयास गर्दा युवती भागेर आएको भन्ने खुलेपश्चात घटनामा संलग्न उनीहरूको खोजी गर्ने क्रममा सैनामैना नगरपालिका-७ देउवापारमा फेला पारी दुवै जनालाई प्रहरीले पक्राउ गरेको हो। उनीहरुका साथबाट युवतीको निजी तस्वीर भएको १ थान मोबाइल बरामद भएको छ।

## बेरुजु फछ्र्यौट: नगरपालिका

**झापा, साउन ९।** प्रदेश कानून अनुसार खाईपाई आएको सुविधामा वेरुजु देखिएको २० लाख ५१ हजार सात सय ६८ रुपैयाँ बिर्तामोड नगरपालिकाले फछ्र्यौट गरेको जनाएको छ।

नगरपालिकाले विज्ञप्ति जारी गर्दै पूर्वाञ्चल दैनिकमा प्रकाशित समाचारप्रति ध्यानाकर्षण भएको समेत जनाएको छ। नगरका प्रवक्ता अग्निप्रसाद पाण्डेले विज्ञप्ति जारी गर्दै महालेखाको प्रतिवेदनमा तत्कालीन जनप्रतिनिधि र कर्मचारीको भत्ताको विषयमा जनप्रतिनिधिहरुको सेवासुविधा सम्बन्धी प्रदेश, कानून निर्माण नभएकाले पछि बनेको प्रदेश, कानून अनुसार खाईपाई आएको सुविधामा बेरुजु देखिएको सो रकम फछ्र्यौट गरिसकिएको उल्लेख छ। नगरले २०७८भित्रै वेरुजु रकम फछ्र्यौट गरेको दावीसहित विज्ञप्ति जारी गरेको हो।

(बाँकी अन्तिम पृष्ठमा)

## साना किसान पशु बीमा सुविधाबाट वञ्चित

**काठमाडौं, साउन ९।** पशु बीमा कार्यक्रमबाट साना किसान लाभान्वित हुनसकेका छैनन्। देशभर साना किसानको संख्या झण्डै ८० लाख रहेको अनुमान छ।

बीमा गर्न मध्यम तथा ठूला किसानको भने बढ्दो आकर्षण छ। उनीहरुले फर्म दर्ता नगरिकन व्यवसाय शुरु गरेका छैनन्। वित्तीय संस्थाले दर्ता नगरेका ऋणीलाई धितो लिएर सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने गरेको छैन।

गतआर्थिक वर्षमा सहुलियतपूर्ण कर्जा लिनेको संख्या ६० हजार ६१८ छ। उनीहरुले रु. एक खर्ब ३९६ अर्ब ८४ करोड सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन्। फर्म दर्ता गरेर पशुपालन गर्ने साना किसानको संख्या न्यून छ। उनीहरुलाई फर्म दर्ता गर्ने, दर्तापछि धितो राखेर सहुलियतपूर्ण कर्जा प्राप्त गर्न सकिन्छ भन्ने जानकारी कम छ। वित्तीय संस्थाले स्वीकार गर्ने, आवश्यक धितो नहुनाले साना किसान सरकारी तथा बीमा सुविधा प्राप्त गर्नबाट वञ्चित छन्।

नेपालमा पशु बीमा कार्यक्रम आर्थिक वर्ष २०७१/७२ बाट सुरु भएको हो। सरकारी सेवा सुविधा प्राप्त गर्नबाट साना किसान वञ्चित भएका कारण पशुजन्य उत्पादनको आयात चुलिएको छ। भन्सार विभागको तथ्याङ्कअनुसार माछा, मासु र दूध तथा दूग्धजन्य पदार्थको आयात वार्षिक रु. दुई खर्बभन्दा बढी छ। पहिलो वर्ष गाईभैंसी, चौरी, भेँडा, च्याङग्रा, बाख्रा, सुङ्गुर, बङ्गुर, गधा तथा विभिन्न पक्षीपालन गर्ने किसानले रु. ६१ करोड एक लाखको बीमा गरेका थिए। ती किसानलाई सरकारले रु. एक करोड ६५ लाख अनुदान उपलब्ध गराएको थियो।

त्यसको आठ वर्षपछि आर्थिक वर्ष २०७७/७८ सम्म ५९ प्रतिशतले बीमाङ्क बढेको बीमा समितिको तथ्याङ्कमा उल्लेख छ। बीमा समितिले बीमा गर्नेको सङ्ख्या उल्लेखनीय वृद्धि भएको पुष्टि गरे पनि कृषि तथा पशुपक्षीबाट उत्पादन हुने विभिन्न बस्तुको आयात घटेको छैन। आयात नघट्नुको मुख्य कारण साना किसानलाई उत्पादनमा समेट्न नसक्नु भएको विज्ञहरुको भनाइ छ। भक्तपुर सूर्यविनायक

(बाँकी अन्तिम पृष्ठमा)

## मारुती भ्यानसहित काठ नियन्त्रणमा



**झापा, साउन ९।** प्रहरीले ४० क्यूवीफूट सखुवाको काठ सहित एक थान मारुती भ्यान नियन्त्रणमा लिएको छ।

झापाको शिवसताक्षी-१० स्थित गैडेबाट मे१च ११६४ नम्वरको मारुती भ्यान सहित काठ नियन्त्रणमा लिएको हो। पक्राउ गरिएको काठ र सवारी गैडे सामुदायिक वन उपभोक्ता समूहलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

अनलाइन आवेदन

# राहदानी र सवारीचालक अनुमतिपत्रमा सकस

**काठमाडौं, साउन ९।** राहदानी र सवारीचालक अनुमतिपत्रका लागि अनलाइन आवेदन प्रणालीमै आफूहरूले सास्ती खेप्नुपरेको गुनासो सेवाग्रहीहरूले गर्न थालेका छन्। तर, सम्बन्धित अधिकारीहरूले आफूसँग पर्याप्त जनशक्ति नभएकाले सक्ने जति मात्रै सेवा दिइएको बताएका छन्।

उनीहरूका अनुसार आफ्नो क्षमताको आधारमा मात्र दैनिक आवेदनको कोटा राखिएकाले सेवा लिन इच्छुक सबैलाई एकैपटक सेवा दिन नसकिएको हो। सेवाग्राहीको ठूलो संख्या काठमाडौंमा केन्द्रित हुँदा राजधानीमा चाप देखिएको उनीहरूको भनाइ छ।

राहदानी विभागका प्रवक्ता शरदराज अरन भन्छन्- जिल्लाहरूमा त्यस्तो छैन। कतिपय जिल्लामा तोकिएका कोटा नपुगेको अवस्था समेत छ। तर, यति नै बेला सरकारको 'प्रविधिमैत्री' भनिएको नीतिबारे पनि प्रश्न उठेको छ।

एक सूचना प्रविधि विज्ञ पुरानै फाइल मानसिकताबाट अनलाइनको काम हुँदा समस्या देखा परेको बताउँछन्। सूचना प्रविधि विज्ञ विजय लिम्बूका अनुसार अनलाइन प्रणालीमा लगेर साँच्चिकै सेवा सहज गराउन खोजेको भए निश्चित समयमा मात्र आवेदन खोल्न नमिल्ने हुन्छ। नेपालमा अझै अनलाइन प्रणालीमा लगिएको भनिएका सेवाहरूमा अनलाइनको हिस्सा आधाभन्दा कम



देखिन्छ, कागज लिएर लाइन बस्नैपर्छ- उनी भन्छन् - पहिले मानसिकतामा परिवर्तन आवश्यक छ।

अनलाइन साइटहरू बारम्बार काम गर्न नसक्ने हुने र आफूले चाहेको बखर अनलाइन फारम भर्न नसकिँदा पुनः बिचौलियाको सहयोग लिनुपर्ने अवस्था रहेको सेवाग्राहीहरूको गुनासो छ।

**किन सेवाग्राहीलाई सास्ती ?**

प्रत्येक दिन अपरान्ह ४:३० बजे राहदानी विभागले आफ्नो प्रणालीमा आवेदन दर्ता गर्न मिल्ने बनाउँछ। त्यसैगरी सवारीचालक अनुमतिपत्र लाइसेन्सको आवेदन गर्ने प्रणाली बिहान ७ बजे खुल्छ। तर त्यसमा आवेदन दिन चाहनेहरूको उच्च चापले गर्दा तोकिएको संख्या एक घण्टाभित्रै सकिने गरेको अधिकारीहरू बताउँछन्। राहदानी विभाग र यातायात व्यवस्था विभागका अधिकारीहरू चौबीसै घण्टा खुलाउँदा पर्ने आवेदनको संख्या बमोजिम सेवा दिन नसकिने बताउँछन्।

गत मंसीर महिनायता नयाँ प्रणालीको ई-राहदानी पाँच लाखको संख्यामा वितरण भइसक्दा पनि चाप कम नभएको परराष्ट्र अधिकारीहरूको भनाइ छ। लाइसेन्सका हकमा कोभिडले गर्दा महिनौं रोकिएको सेवाले पारेको चाप अझै घट्न सकेको छैन। राहदानी विभागका प्रवक्ता शरदराज अरनले यतिखेर दैनिक २,५०० आवेदन मात्र काठमाडौंमा लिनेगरी कोटा तोकिएको बताएका छन्।

त्यही भएरै हामीले ७७ जिल्लामै र १७ वटा इलाकाबाट समेत सेवा विस्तार गरेका छौं। कतिपय जिल्लामा उपलब्ध कोटाअनुसार आवेदन नपरेको पनि छ। राहदानी विभागले काठमाडौंमा दिने सेवा आपत्कालीन अवस्थाका लागि मात्र भनेको छ। तर सबैतिरबाट भिड जम्मा हुँदा सहज सेवा प्रदान गर्न कठिन भएको अधिकारीहरू बताउँछन्।

अनलाइन प्रणालीमा विश्वास गर्नुपर्‍यो। त्यसले बायोम्याट्रिक लिनेदेखि राहदानी बुझ्ने मिति तोकेको हुन्छ। कार्यालयणआसपास अनावश्यक भीड लाग्नुको अर्थ छैन- आरन भन्छन्। नेपालमा अहिले देशभरि दैनिक ६,००० को संख्यामा राहदानी छापिने गरेको विभागको भनाइ छ।

सवारीचालक अनुमतिपत्रको हकमा भने देशभरि दैनिक १२,५०० वटा आवेदन दिइरहेको यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरू बताउँछन्। सेवाग्राही निकै धेरै भएकाले यातायात कार्यालयहरूले कोटा नतोकीकन काम गर्न सकिने अवस्था हुँदैन- पनेरू भन्छन्। अनलाइनमा आधारभूत जानकारी मात्र मागिएको छ जुन छुटाउन पनि मिल्दैन। तर कसैलाई त्यो भर्न कठिनाइ हुँदा

(बाँकी अन्तिम पृष्ठमा)


VACANCY ANNOUNCMENT

**Little Angels' Boarding school**, a reputed school at Charali over 1000 students immediately needs a **Computer Teacher** for Lower Secondary section (Grade V -VIII).

Competent candidates with relevant qualification and experience may attend walk-in interview between 10 a.m. to 12 p.m.

**Contact: CEO 9817936596**

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा**

**अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***


Email: purwanchal2052@gmail.com / purwanchal@ntc.net.np URL : purwanchaldaily.com

# बिर्तामोडमा ग्रेस इन्टरनेशनल



**बिर्तामोड, साउन ९।** झापाको बिर्तामोडमा ग्रेस इन्टरनेशनलको शाखा उद्घाटन भएको छ।

एक कार्यक्रमकाबीच सोमवार ग्रेस इन्टरनेशनलका केन्द्रीय प्रबन्धक निर्देशक एन्ड्रयु पौडेल र ज्येष्ठ नागरिक तुलसीराम धितालले संयुक्त रुपमा शाखाको उद्घाटन गरेका हुन्।

हनुमान कम्प्लेक्सको चौथो तलामा रहेको ग्रेस इन्टरनेशनल नेपालको १० औं शाखा हो। यसको मुख्य कार्यालय काठमाडौंमा रहेको छ। नेपालबाट नेपालीहरूले सञ्चालन गरेको ग्रेस इन्टरनेशनल विगत १६ वर्ष अघि स्थापना भएर एक विश्वासिलो शैक्षिक परामर्श दाताको पहिचान बनाउन सफल भएको बिर्तामोड शाखाका अध्यक्ष तथा प्रवन्धन निर्देशक दीपेन्द्र राउतले बताए।

विश्वका विभिन्न देशहरूमा उच्च शिक्षा लिन चाहने बिद्यार्थीहरुको लागि सम्पूर्ण परामर्श प्रदान गर्दै आएको देशकै ठूलोमध्येको एक शैक्षिक परामर्श दाता संस्था रहेको र अष्ट्रेलिया, क्यानडा, यूके, न्यूजील्याण्ड, अमेरिका लगायतका देशमा विद्यार्थीहरुलाई उच्च शिक्षाको लागि पठाउँदै आएको बिर्तामोडमा शाखाका सञ्चालक तथा शाखा प्रमुख पर्वत धितालले जानकारी दिए।

'अष्ट्रेलियाका अधिकांश यूनिर्भसिटी, हायर कलेज लगायतको आधिकारिक एजेन्सीको रुपमा काम गर्ने भएकोले ग्रेसमा विद्यार्थीले धेरैभन्दा धेरै विकल्प पाउन सक्छन्। विद्यार्थीको चाहना, क्षमता र आर्थिक तथा पारिवारिक अवस्थाका आधारमा विद्यार्थीलाई उनीहरूले चाहेकै अप्सन दिन सक्ने भएकाले पनि ग्रेस बिद्यार्थीको पहिलो रोजाइ बन्दै आएको छ। बिद्यार्थीले चाहेको देश, चाहेकै कलेज तथा युनिर्भसिटी र चाहेकै कोर्स तथा विषयमा पठाउन सक्ने भएकाले भोलिका दिनमा झापा, इलामलगायत बिद्यार्थीको पहिलो रोजाइ ग्रेस बन्ने कार्यक्रमका प्रमुख अतिथि, प्रबन्धक निर्देशक एन्ड्रयु पौडेलले बताए।

नेपालमा १० वटा शाखा, अष्ट्रेलियाका सात वटै स्टेटमा सात वटा, लगायत भारतको दिल्ली, पाकिस्तान लगायतका ठाउँबाट बिद्यार्थीहरूलाई सेवा दिँदै आएको ग्रेसले बिर्तामोडमा आफ्नो सेवा विस्तार गरेको हो। नेपालबाट मात्रै ३० हजारभन्दा वढी बिद्यार्थीहरुलाई सेवा प्रदान गरिसकेको ग्रेसले विद्यार्थीलाई करियर काउन्सिलिङ, भिसा प्रोसेसिङ, डकुमेन्टेशन लागायतका सम्पूर्ण सेवा प्रदान गर्दै आएको छ।

विद्यार्थीलाई नेपालबाट पठाउने, अष्ट्रेलिया पुगेका बिद्यार्थीलाई पनि आफ्नो अध्ययन अवधिभर कुनै प्रकारको शैक्षिक समस्या आइपरेमा सहयोग गर्ने भएकाले ग्रेस विद्यार्थी र अभिभावक दुवैको पहिलो रोजाइमा परेको सञ्चालकको दावी रहेको छ। उद्घाटन कार्यक्रममा बिर्तामोड प्याब्सनका अध्यक्ष उत्तम खनाल, ई-क्यान झापाका निवर्तमान अध्यक्ष सुमन शर्मा जमरकट्टेललगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन प्रणित पुडासैनीले गरेका थिए।

# एक्सेलको सोह्रौ वार्षिक सभा

**बिर्तामोड, साउन ९।** एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको सोह्रौ वार्षिक साधारणसभा सोमवार सम्पन्न भएको छ।

सञ्चालक समितिका अध्यक्ष महेन्द्रकुमार गोयलको अध्यक्षतामा भएको वार्षिक साधारण सभाले आ.व.२०७७/०७८को वितरण योग्य सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पुँजी रु. १ अर्ब १५ करोड १७ लाख ९२ हजारको ८.५० प्रतिशतका दरले बोनस शेयर र उक्त बोनश शेयर वापतको कर प्रयोजनको लागि ०.४५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। बैठकले बैंकको कार्यक्षेत्र प्रदेश नं. १का सवै जिल्लाहरुमा विस्तार गर्ने प्रस्ताव समेत पारित गरेको छ।

बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको बैंकले हाल झापा, इलाम, मोरङ, सुनसरी र पाँचथरका विभिन्न ४४ स्थानमा आफ्ना शाखा कार्यालयहरुमार्फत बैंकिङ सेवा प्रदान गरिरहेको छ। चालू आवमा प्रदेश नं. १ भर आफ्नो कारोवार सञ्चालन गर्ने उद्देश्यका साथ आवश्यक न्यूनतम् चुक्ता पुँजी पूरा गरिसकेको हुनाले नियामक निकायको स्वीकृति लिई कार्यक्षेत्र विस्तार गर्दै नयाँ शाखाहरु विस्तार गर्ने लक्ष्य रहेको बताइएको छ।




सञ्चालक समितिका अध्यक्ष गोयलले उद्घाटन गरेको सभामा स्वागत मन्तव्य सञ्चालक राजन शर्माले राखेका थिए। सञ्चालक पर्शुराम दाहालले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए।

उक्त सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत डा. इन्द्रकुमार कट्टेलले बैंकका वर्तमान गतिविधिहरुको वारेमा प्रकाश पारेका थिए। संस्थापक शेयरधनीहरु डा. रुपक खनाल र सुरेशकुमार अग्रवाल साथै बैंकका पूर्वअध्यक्ष हेमराज ढकालले बैंकको उन्नति तथा प्रगतिका लागि शुभकामना मन्तव्य राखेका थिए।

# करणी गरी हत्या गरेको अभियोगमा तीन जना पक्राउ

**काठमाडौं, साउन ९।** चार वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा वीरगञ्ज महानगरपालिका-२ बस्ने १९ वर्षीय जफ्रुदीन भन्ने सलमान खान, सोही महानगरपालिका-१६ बस्ने १८ वर्षीय किशोर र १२ वर्षीय बालक रहेका छन्।

बिहीबार साँझदेखि बालिका हराएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा वीरगंज महानगरपालिका-२ छप्कैयास्थित खाली जग्गाको झाडीमा ती बालिकाको शव फेला पारेको थियो।

घटनाको थप अनुसन्धानको क्रममा घटनामा संलग्न १२ वर्षीय बालकलाई पक्राउ गरी थप सोधपुछको क्रममा निज बालक र अन्य ३ जनाको संलग्नतामा ती बालिकालाई जबरजस्ती करणी पश्चात हत्या गरेको खुल्न आएको हो। घटनामा संलग्नमध्ये सलमान खानलाई सोही महानगरपालिका-२ घुसुकपुरस्थितबाट तथा १८ वर्षीय किशोरलाई सोही महानगरपालिका-१६ नगवास्थित सडकबाट प्रहरीले पक्राउ गरको हो।

उनीहरु उपर जबरजस्ती करणी तथा ज्यान सम्बन्धी कसूरमा जिल्ला अदालत पर्साबाट ५ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको छ भने घटनामा संलग्न हाल फरार १ जनाको प्रहरीले खोजी गरिरहेको छ।

उता १८ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कञ्चनपुर पुनर्वास नगरपालिका-८ घर भएका २४ वर्षीय राकेश विकलाई प्रहरीले पक्राउ गरेको छ।

राकेशले ती किशोरीलाई काठमाडौं महानगरपालिका-२६ नयाँ बसपार्क मित्रनगरस्थित गेष्ट हाउसमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# झापामा एक हजार ९८८ उद्योग दर्ता

**झापा, साउन ९।** झापामा आर्थिक वर्ष २०७८/०७९ मा एक हजार ९८८ उद्योग दर्ता भएका छन्।

जिल्लामा वार्षिक उत्पादन क्षमता रू. पाँच अर्ब १० करोड ५२ लाख ७७ हजार, उत्पादन क्षमताका एक हजार ९८८ उद्योग दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख प्रेमप्रसाद सापकोटाले जानकारी दिए। दर्ता भएका उद्योगमध्ये सबैभन्दा बढी कृषि तथा वनजन्य एक हजार १९२ रहेका छन् भने सबैभन्दा कम उत्पादनमूलक २६२ रहेका छन्। त्यस्तै सेवामूलक ५३२ उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगमध्ये व्यक्तिगत एक हजार ८८५, साझेदारी ५८ र प्रालि ४५ रहेका कार्यालयको तथ्याङ्कमा उल्लेख छ। दर्ता भएका ती उद्योगको स्थायी पुँजी रु एक अर्ब ४४ करोड ७९ लाख ३३ हजार र चालु पुँजी रु ती अर्ब छ करोड ७२ लाख ४१ हजार रहेको कार्यालयका उद्योग अधिकृत टङ्कप्रसाद प्रसाईंले जानकारी दिए।

दर्ता भएका उद्योगमा एक हजार १९६ पुरुष र एक हजार १६६ महिला गरी दुई हजार ३८९ उद्यमी रहेका छन्। ती उद्योगबाट एक हजार ४०६ महिला र एक हजार ५६६ पुरुष गरी दुई हजार ९७६ जनाले रोजगारी पाउने छन्। ती उद्योग दर्ताबापत कार्यालयले रु. ७७ लाख १७ हजार ९०० राजस्वसमेत सङ्कलन गरेको कार्यालयले जनाएको छ।

# पेट्रोलियम पदार्थको खरिदमा बाहिरियो तीन खर्ब २० अर्ब

**झापा, साउन ९।** बढ्दो मूल्य वृद्धि र खपतका कारण एक वर्षको अवधिमा पेट्रोलियम पदार्थको आयातमा मात्रै ठूलो परिमाणमा नेपाली मुद्रा बाहिरिएको छ। एक विवरण अनुसार एक वर्षको अवधिमा रु. सवा तीन खर्ब बढी नेपाली बाहिरिएको छ।

भन्सार विभागले सार्वजनिक गरेको गत आव २०७८/७९ को तथ्याङ्क अनुसार नेपालले भारतबाट रु. तीन खर्ब २० अर्ब ३२ करोड ७४ लाख ६५ हजार बराबरको पेट्रोलियम पदार्थको आयात गरेको हो। तथ्याङ्क अनुसार एक वर्षको अवधिमा सबैभन्दा बढी डिजेल आयातमा नेपाली रुपैयाँ बाहिरिएको पाइएको छ। एक वर्षको अवधिमा नेपालले रु. एक खर्ब ६८ अर्ब २३ करोड ३२ लाख बढीको डिजेल मात्रै आयात गरेको हो।

रु. ७१ अर्ब ३८ करोड ८२ लाख ८८ हजार बराबरको डिजेल, रु. ६५ अर्ब ५५ करोड नौ लाख बराबरको खाना पकाउने एलपी ग्यास र रु. १५ अर्ब १५ करोड ४९ लाख बराबरको हवाई इन्धन आयात भएको छ। एक वर्षको अवधिमा रु. एक खर्ब १३ अर्ब बराबरको भटमास, पाम र सूर्यमुखीको कच्चा तेल, रु. ५२ अर्ब बराबरको मोबाइल र ल्यापटप, रु. ४८ अर्बको सुन-चाँदी र रु. ७३ अर्बभन्दा बढीको खाद्यान्न आयात भएको छ।

नेपालबाट सबैभन्दा धेरै भटमासको प्रशोधित तेलको निर्यात भएको छ। एक वर्षको अवधिमा रु. ४८ अर्ब १२ करोड बराबरको प्रशोधित भटमासको तेल, रु ४१ अर्ब ६४ करोड बराबरको प्रशोधित पाम तेल, रु. १० अर्ब १४ करोड बराबरको सेन्थेटिक यार्न, रु. सात अर्ब ७१ करोड बराबरको उनीका सामग्री तथा रु. पाँच अर्ब ७६ करोड बराबरका तयारी कपडाको निर्यात भएको छ।

## साना ...

नगरपालिका-१० का बद्री दुलाल हुन् वा सुदन खड्कालाई पशु बीमाबारे राम्रो जानकारी छैन। उनीहरुले पशुपालनबाट घरायसी खाँचो टार्दै आएका छन्। उनीहरुका गोठमा तीन/चार वटा गाईभैंसी छन्।

एक दुधालु गाईभैंसीको मूल्य करिब रु. एक लाखदेखि एक लाख पचास हजारसम्म पर्छ। कारणबस गाईभैंसी मरेमा उनीहरुलाई बज्रपात पर्छ। तर, उनीहरु बीमाका बारेमा बुझाउने र सहयोग गर्ने मान्छे गोठसम्म आइ नपुगेको बताउँछन्। गाईभैंसीलाई घाँसपात, सफासुग्घर, औषधि उपचारलगायत कामबाट फुर्सद नहुने भएकाले बीमा गर्ने निकाय गोठसम्म आउनुपर्ने उनीहरु बताउँछन्।

ठूला पशुपालक फर्मको गोठसम्म बीमा गर्ने निकाय पुगेको देखिन्छ तर साना किसानसम्म बीमासम्बन्धी निकाय नपुगेको गुनासो गर्छन् खाद्यका लागि कृषि अभियानका अध्यक्ष उद्धव अधिकारी। उनी भन्छन्- पहिलोपटक स्थानीय वडा सरकारले साना किसानको पशु बीमा गरिदिनुपर्छ।

पशुधन बीमाकर्ताले पहिलो वर्ष बीमा रकममा पाँच, दोस्रो वर्ष सात र तेस्रो वर्षदेखि कूल बीमा शुल्कको १० प्रतिशतले हुन आउने रकम भुक्तानी गर्नुपर्नेछ। सदस्य संस्थामार्फत बीमा भएमा कूल बीमा शुल्कमा १५ प्रतिशत छुट दिइने व्यवस्था पशुबीमा नीतिमा उल्लेख छ। नीतिले बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशत प्रतिवर्षका दरले शुल्क लाग्ने छ।

बीमित पशुधनको सम्बन्धमा सत्यतथ्य कुरा लुकाइछिपाइ झुट्टा विवरण दिएको पाइएमा, बीमित पशुधनलाई बीमा अवधि समाप्त नहुँदै बिक्री गरेमा स्वतः रद्द हुने नीतिमा उल्लेख छ। पशुधनकर्ताले बीमित पशु हराएमा वा चोरी भएमा निर्धारित अवधिभित्र दाबी प्रक्रिया शुरु नगरेमा, बीमित पशुको बीमा शुल्क नबुझाएको अवस्थामा र नवीकरण गर्नुपर्ने बीमालेख समाप्त भएमा सात दिनभित्र नवीकरण गरी तोकिएको संस्थामा बीमाशुल्क नबुझाएमा बीमाको दाबी रकम भुक्तान गर्न बाध्य नहुने नीतिमा उल्लेख छ।

## राहदानी ...

उनीहरूले अन्य कम्प्युटर पसलमा भर्न लगाउन भीड लगाएको पाइन्छ।

**काठमाडौं केन्द्रित सेवा**

राजधानीका कार्यालयमा सेवा दिन सक्ने क्षमता केही बढी भए पनि जिल्ला र मातहतका कार्यालयहरूले समेत आफ्नो क्षमता अनुसार प्रणालीमा कोटा तय गरेर आवेदन खुला गर्छन्।

तर सूचना प्रविधि विज्ञ विजय लिम्बूका अनुसार एकै समयमा धेरै सेवाग्राहीले आवेदन भर्न खोज्दा 'इन्टरनेटको ब्यान्डविथ र सर्भर' ले नधान्ने समस्या देखिएर प्रणालीले काम नगरेको बारम्बार पाइएको छ। उनी भन्छन्- सार्वजनिक सेवाप्रवाहमा जाने निकायले आफ्नो अनलाइन प्रणालीको क्षमता त्यसरी सीमित राखिनु हास्यास्पद हुन्छ।

समय तोकेर अनलाइन प्रणालीमा जाने कामले नै यस प्रक्रियाको खिल्ली उडाएको उनी ठान्छन्। तर, राहदानी विभागका प्रवक्ता अरनले अहिले नै आफूहरू उच्च क्षमतामा काम गरिरहेको हुनाले थप कोटा थप गर्नेबारे नसोचेको बताउँछन्। आवश्यक नपरीकनै पनि पहिल्यै राहदानी लिने क्रम बढेको देखिएकाले अहिले ऐनले एक वर्षभन्दा कम म्याद बाँकी रहेकाको हकमा मात्र नयाँ जारी गर्ने व्यवस्था गरेको छ। बीबीसी

## बेरुजु ...

यसैबीच बिर्तामोड नगरपालिका वडा नं. ४ का तत्कालीन वडा सदस्य राहुलकुमार शर्माको बेरुजु रकम फछ्र्यौट भएको पाइएको छ।

गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिम शपथ ग्रहणका मितिदेखि नै भुक्तानी भएको सुविधा रकम ऐनले दिएको भन्दा बढी भएसँगै महालेखाले सो रकम बुझाउन निर्देशन दिएको थियो।

महालेखाको निर्देशन लगत्तै वडा सदस्य शर्माले १२ हजार आठ सय ५० रुपैयाँ बेरुजु रकम फछ्र्यौट गरेका हुन्। शर्मा हाल बिर्तामोड नगरपालिका-४का वडाध्यक्ष हुन्। शर्माले नगरपालिकाको आन्तरिक आय/सञ्चित कोष खातामा बेरुजु रकम जम्मा गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनोदकुमार न्यौपानेले जानकारी दिए।

शर्माले २०७४ सालमा स्थानीय तहको निर्वाचनपछि वडा सदस्यमा निर्वाचित भएसँगै बैठकभत्ता वापतको रकम बुझेका थिए। तर, उनले सो रकम २०७८ साल बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन अगावै बुझाएको बताइएको छ। वेरुजु रकम बुझाएसँगै बिर्तामोड नगरपालिकाले उनलाई रकम फछ्र्यौट प्रमाणपत्र प्रदान गरेको बताइएको छ।

**बिमालेख हरायो**

धुलावारीबाट बिर्तामोड जाने क्रममा यही मिति २०७९/०१/०२ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- सिकुन अग्रवाल
**ठेगाना**:- मेचीनगर–१०, झापा
**पोलेसी नं.**:- २०२०३०७९७
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८१३७८८६२२

**प्रशिक्षकको आवश्यकता**

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् CTEVT को साझेदार संस्था गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यवसायिक प्रशिक्षालय झिलझिले झापामा तपसिल अनुसारका प्रशिक्षक आवश्यकता रहेकाले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ।

| | |
|---|---|
| विज्ञापन नं. | १/७९/८० |
| पद/तह | पूर्णकालीन |
| संख्या | १ |
| विषय | रसायनशास्न (chemistry) |
| न्यूनतम् शैक्षिक योग्यता | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायनशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण |
| छनौटको किसिम | अन्तरवार्ता |
| तलब/स्केल | प्रतिष्ठानको नियमानुसार |
| उमेर हद | १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको |
| आवेदन शुल्क | ५००।- |

नोटः माथिल्लो योग्यता र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।
आवश्यक कागजातहरुः निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र १/१ प्रति, हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति।
निवेदन दिने अन्तिम मितिः २०७९ साउन २२ गतेसम्म

**गणेशमान सिंह अध्ययन प्रतिष्ठान**
**प्राविधिक तथा व्यवसायिक शिक्षालय**
शिवसताक्षी–११, झिलझिले, झापा
सम्पर्क नं. ९८१५९०४४३४, ०२३–४७०२५०, ९८१४०४६१८०

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०७५।०७।२३ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजम साविक कम्पनी नाम होली बड्स एडेकेमी इङ्लिस स्कूल प्रा.लि. कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०७५।०८।१७को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्न स्वीकृत भएको हुँदा साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामक कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम सूर्योदय इङ्लिस एडेकेमी प्रा.लि. (अंग्रेजी Suryodaya English Academy Pvt.Ltd.) कायम भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साविकको नामः होली बड्स एकेडेमी इङ्लिस स्कूल प्रा.लि.**
**परिवर्तित नामः सूर्योदय इङ्लिस एकाडेमी प्रा.लि.**

**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्रदेश नं. १ नेपाल**
**१५ दिने सूचना**

**संधियार दक्षिणः श्री डोलेश्वोर काफ्लेको नाममा जारी गरिएको**

साविक टाघनडुब्बा गाविस वडा नं. ०९ हाल झापा गाउँपालिका, वडा नं. ०३ बस्ने श्री नेपाल जेसुइत संस्थाले निजको नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण गर्न घर नक्सा पास गरी पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं दक्षिणतर्फको संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला। म्यादभित्र कुनै दावी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा समेत सुचित गरिन्छ।

निम्न

| जग्गा रहेको स्थान | सिट नं. | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता मिति | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| झापा गा.पा.–०३ | १७१०४६९ | ३३७ | ३४६०.५५ व.मि. | २०७९।०३।०१ | २०७९।०३।०३ | २०७९/०४/०४ |

**बाह्रदशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चकचकी, झापा**
**१ नं. प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**दोस्रोपटक प्रकाशित मितिः २०७९/०४/१०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ उपदफा २ (ग) तथा यस बाह्रदशी गाउँ कार्यपालिकाको मिति २०७९।०४।०९ गतेको निर्णयबाट आ.व ०७९।०८० (१ वर्ष) मा संकलन गरिने हाटबजार सेवा शुल्कको न्यूनतम कबोल अंक निर्धारण भए बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही बढाबढमा सिलबन्दी दरभाउपत्र पेश गर्न यो ७(सात) दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**ठेक्काको विवरण**

| सि.न | ठेक्का नं | ठेक्का विवरण | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ठे.नं १ | चकचकी पशुबजार + राजगढ पशुबजार | १९,९०,०००।- | १०००।- | २०७९।०४।१६ गते कार्यालय समयभित्र | २०७९।०४।१७ गते १२:०० बजे सम्म | २०७९।०४।१७ गते २:०० बजे पछि |
| २ | ठे.नं २ | डाँगीबारीबाखा तथा हाट बजार | ३,५०,०००।- | १०००।- | | | |
| ३ | ठे.नं ३ | स्थानिय सेवा शुल्क (निकासी) कर खाद्यन्य बाहेक | ४,५०,०००।- | १०००। - | | | |
| ४ | ठे.नं ४ | राजगढ हाट बजार | १,७५,०००।- | १०००।- | | | |

नोटः शर्तहरु तथा अन्य विस्तृत जानकारीका लागि बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटी, वेभसाइटः- www.bahradashimun.gov.np वा कार्यालय समयभित्र कार्यालय समेत सम्पर्क गर्न सक्नुहुनेछ।

**चित्रप्रसाद गुरागाँई** : प्रमुख प्रशासकीय अधिकृत

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# स्खलित हुँदै आर्थिक सुशासन

**नेपालको संविधानको धारा २४० ले आर्थिक सुशासनको कल्पना गर्दै सरकार तथा संगठित संस्थाहरुको वार्षिक आम्दानी र खर्चको विवरण परीक्षण गर्न स्वायत्त संस्थाको व्यवस्था गरेको छ । महालेखा परीक्षकको कार्यालय नामक सो संस्थाले त्यस्ता सरकारी तथा संगठित संस्थाहरुको वार्षिक खर्च र आम्दानीको अवस्थाको परीक्षण गर्दछ । संस्थाले गरेको त्यस्तो अध्ययन, निरीक्षण र अनुगमनमा खर्चको विवरण नियम विपरीत र मनलाग्दी भइरहेको तथ्यांक सार्वजनिक भएको छ । महालेखाद्वारा गरिने परीक्षणको प्रतिवेदन राष्ट्रपति समक्ष प्रस्तुत गरिन्छ र वेरीत, मनलाग्दी अनि अनियमित खर्चहरुलाई वेरुजु शीर्षकमा राखेर संवैधानिक प्रक्रिया अनुसार फछ्र्यौट गर्न निर्देशन दिएको हुन्छ ।**


**त्यस्तो नियम विपरीत खर्च स्थानीय तहहरुले इन्धन तथा सवारीसाधन शीर्षकमा पनि थुप्रै भइरहेको प्रतिवेदन सार्वजनिक भएको छ । त्यस्तै डोजरे तथा असारे विकास भनिने केही योजनाहरुका खर्च अस्वभाविक र गुणस्तरहीन निर्माणका परिचायक बनिएका छन् । आर्थिक अनुशासनले मात्र सुशासनको अनुभूति दिने हुनाले स्वतन्त्र भनिएका स्थानीय तहहरुले पारदर्शी र ऐन-कानूनको सीमाभित्र रहेर काम गर्नुपर्ने हो । तर, महालेखाको प्रतिवेदनले अधिकांश स्थानीय तहहरु कार्यविधि नै बनाएर राज्यकोषको दोहन गर्न उद्धत छन् । झापाको शिवसताक्षी नगरपालिकाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै महालेखाले दोहोरो सुविधा लिन नपाइने प्रावधानका वावजुद इन्धन खर्च लिइरहेको भन्दै गत वर्षको खर्च बेरुजु ठहर गरेको थियो । तर, सोही पालिकाले चालू आर्थिक वर्षको लागि पनि इन्धन खर्चको व्यवस्था गरेको जनाइएको छ ।**

**संघीय र प्रदेश सरकारको कानूनसँग बाझिने गरी कार्यविधि बनाएर इन्धनमा लाखौं रुपैयाँ खर्च गर्न नपाइने व्यवस्था गरिएको छ । तर, स्थानीय तहले त्यस्तो कानूनको उल्लंघन गर्दै मनोमानी खर्च गरिरहेका छन् । जनप्रतिनिधि र कर्मचारीले दोहोरो सुविधा लिन नपाउने प्रबन्ध विपरीत कार्यविधि नै बनाएर जनताले तिरेको करमा मोजमस्ती गर्ने छुट कसैलाई छैन र हुँदैन । तर, स्वायत्त संस्थाको नाममा स्थानीय तहहरुले सवारी खरिद तथा इन्धनमा करोडौं रुपैयाँ अनियमित ढंगले खर्च गरिरहेका छन् । आर्थिक अनुशासन कायम गर्न नसक्ने स्थानीय तहबाट जनताले सुशासनको अनुभूति गर्न पाउँदैनन् । यसले आमजनतामा जनप्रतिनिधि, स्थानीय सरकार र राज्य प्रणालीमाथि नै वितृष्णा उत्पन्न हुन सक्छ । यस्तो वितृष्णाको झिल्को पुञ्जमा रुपान्तरित हुन पुग्यो भने परिणाम अनपेक्षित हुनेतर्फ सम्बन्धित पक्ष सचेत होस् ।**

# हात्ती-मानिस हत्या शृंखला : मान्छे कहिले सुध्रिन्छन् ?



**मिलन मनुवा दाहाल**



नेपालको पूर्वी तराईमा हात्ती र मानवबीचको द्वन्द्व झन्झन् पेचिलो बन्दै गएको छ। २०७८ असोजमा कोशी टप्पु आरक्ष नजिकै मकुना हात्ती करेन्ट लागेर मरेको अवस्थामा भेटिएको थियो। हात्ती मारिने क्रम जारी छ। गत असार महिनामा मात्र झापामा दुईवटा मारिए। डिभिजन वन कार्यालय, झापाका अनुसार गत दश वर्षमा ५३ जना मानिस र १० वटा हात्ती आपसी द्वन्द्वमा मारिएका छन्। हात्तीको बासस्थान मासिँदै जाँदा यो समस्या वर्षेनि बढ्दो छ। हात्तीको समस्या आम चुनावमा मुद्दा बन्न थालेको छ।

**चुनावी मुद्दामा नयाँ विषय :**

वन्यजन्तु-मानव द्वन्द्व २०७४ सालको संसदीय चुनावमा झापा क्षेत्र नं. १ का उम्मेदवार राम कार्कीले हात्तीको समस्या उठाएका थिए। आसामबाट आउने हात्ती नेपाल प्रवेश गर्ने विन्दु बाहुनडाँगी हो। जुन झापा क्षेत्र नं. १ मा पर्छ। सडक, बिजुली, विद्यालय, खानेपानी जस्ता आधारभूत सुविधाहरू पूर्वी तराईका जिल्लाहरूमा धेरै बनिसकेका छन्। त्यसैले मतदाताको भोट तान्न नयाँ मुद्दाहरूको खोजी गर्नुपर्ने भएको छ। भर्खरै सम्पन्न स्थानीय चुनावमा ठूल्ठूला नारा दिनेभन्दा पनि सम्भव र स-साना विषय उठाउने उम्मेदवारप्रति जनता आकर्षित भए।

पहाडी क्षेत्रमा बाँदर र बँदेलबाट बालीनाली जोगाउन मुस्किल परेको गुनासो राष्ट्रिय चर्चाको विषय हुन थालेको छ। पश्चिम तराईमा बाघको आक्रमणको घटना बढ्दै गएको छ। चितवन निकुन्ज वरपरको क्षेत्रमा गैंडाको समस्या सदाबहार विषय नै हो। हिमाली क्षेत्रमा ब्वाँसोले चौपाया मारेको घटना पनि यदाकदा सुनिने गरेको छ।

वन्यजन्तु-मानव द्वन्द्वमा विज्ञहरूको राय छ कि कुनै भौगोलिक स्थानमा त्यहाँको प्राकृतिक अवस्थाले जति वन्यजन्तु धान्न सक्छ, त्यति मात्र वन्यजन्तु पालन गरौं। पूर्वी तराईको हात्तीको सन्दर्भमा यो लागू हुँदैन। हात्ती ठूलो जनावर भएकाले हात्तीको चलखेल गर्ने क्षेत्र निकै ठूलो चाहिन्छ। वैज्ञानिक अध्ययन अनुसार पाँचदेखि २० वटा संख्यामा रहेका एसियाली हात्तीको झुण्डलाई एक सयदेखि एक हजार वर्ग किलोमिटरको क्षेत्रफल आवश्यक पर्छ।

पूर्व-पश्चिम फैलिएको चुरे पहाडमुनिको चारकोसे झाडी भनिने जंगल परापूर्वकालदेखि हात्तीको प्राकृतिक वासस्थान हो। त्यसैले हरेक वर्ष भारतको आसाम, पश्चिम बंगालबाट झापा हुँदै कोशीटप्पु र पर्सासम्म हात्तीको बथान ओहोरदोहोर गरिरहन्छ। हात्तीको यही जैविक मार्गमा मानिसको बसोबास र गतिविधि दिन प्रतिदिन बढ्दै जाँदा हात्ती र मान्छेबीच द्वन्द्व चर्किँदै गएको हो। समस्याको जड यही हो। सबैलाई यो कुरा थाह छ।

मेचीदेखि महाकालीसम्म चुरे फेदी हुँदै मदन भण्डारी राजमार्ग निर्माणाधीन छ। यस राजमार्गले गर्ने वातावरणीय विनाश र यस राजमार्गको औचित्यबारे छुट्टै चर्चा गरौंला। अहिलेलाई यत्ति भनी राखौं कि यो राजमार्ग नेपाली आवश्यकताभन्दा पनि भारतको नदी जोड परियोजनाको प्रवेशमार्गका रूपमा लोकप्रिय वामपन्थी नेताको नाममा अघि बढाइएको हो। हात्ती कानूनी रूपमा संरक्षित प्राणी भएकाले हात्तीलाई मार्न पाइँदैन। बढ्दो जनसंख्या र मानवीय गतिविधिलाई पनि नियन्त्रण गर्न सकिँदैन। त्यसो भए, समाधान के त ?

**हात्तीको समस्या सम्बोधनका प्रयास**

हात्तीलाई मानव बस्ती तथा खेतबारीमा आउन नदिन विद्युतीय तारबार लगाउने गरिएको छ। बाहुनडाँगी र हल्दीबारीमा यस्तो विद्युतीय तारबार लगाइएको छ। तारबारले सामान्यरूपमा हात्तीलाई आउन रोके पनि विद्युतीय तारबार खासै प्रभावकारी हुन सकेको छैन। विद्युतीय तारबार महँगो लागत पर्ने र मर्मतसम्भार गरिराख्नुपर्ने हुन्छ। झापामा करोडौं रूपैयाँ सरकारी बजेट विद्युतीय तारबारका लागि खर्च भइसकेको छ। हात्ती बुद्धिमान प्राणी भएकाले सुकेका हाँगाबिँगाले हिर्काएर विद्युतीय तारबार भत्काई हात्तीले आफ्नो बाटो खोल्ने गर्छ।

२०७४ सालको संसदीय चुनावी भाषणमा राम कार्कीले भनेका थिए- मेची नदीको किनारैकिनार हात्ती उक्लन नसक्ने गरी अग्लो तटबन्ध बनाएर त्यसमाथि सडक बनाउने छु। उनले झापा क्षेत्र नं. १ बाट चुनाव जिते, राजधानीतर्फ लागे, उनको भाषण हावादारी गफ साबित भयो। वास्तवमा हात्तीको ओहोरदोहोर रोक्नलाई मेची नदी किनारमा त्यस्तो संरचना बनाउन असम्भव नभए पनि, पूर्णतः अव्यावहारिक छ। कुनै घर वा भौतिक संरचनाको वरिपरि हात्ती नाघ्न नसक्ने गरी खाल्डो ( ट्रेन्च) बनाउन भने सकिन्छ।

हात्ती विज्ञका रूपमा नेपालमा काम गर्दै आउनुभएका डा. नरेन्द्र प्रधानसँग केही समयअघि यस लेखकले हात्ती समस्याबारे छलफल गरेको थियो। डा. प्रधानको तर्क थियो- विद्युतीय तारबारजस्ता उपायहरू भन्दा पनि हात्ती-मानव द्वन्द्व न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन आवश्यक छ।

चितवन तथा बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रहरूमा विश्व वन्यजन्तु कोषको सहयोगमा डा. प्रधानले जनचेतनामूलक कार्यक्रम चलाएका छन्। जसबाट मानवीय मृत्यु तथा क्षति कम हुँदै गएको तथ्यांकले देखाउँछ। बाहुनडाँगी क्षेत्रमा हात्ती सम्बन्धी गैरसरकारी संस्थाहरू अस्तित्वमा छन्। तर, तिनीहरूले जनचेतनामूलक कार्यक्रममा ध्यान दिएका छैनन्।

हात्तीको आक्रमणबाट मृत्यु भएमा वा कृषि बालीनाली क्षति भएमा सरकारको तर्फबाट क्षतिपूर्ति दिने व्यवस्था छ। डिभिजन वन कार्यालय मार्फत हात्ती पीडितलाई दिइने क्षतिपूर्तिको प्रक्रिया झन्झटिलो छ। त्यसैले हात्तीले बालीनाली, खासगरी धानबाली नोक्सानी गरे तापनि किसानहरू क्षतिपूर्तिका लागि पहल गर्दैनन्। क्षतिपूर्तिको प्रक्रिया सरलीकृत गर्ने र पालिकाबाट भुक्तानी दिने व्यवस्था भएमा किसानहरू हात्ती लखेट्न जाँदैनन्, हात्ती पनि उत्तेजित भएर मानिसलाई आक्रमण गर्दैन।

**हात्ती संरक्षण पार्कको प्रस्तावना**

हात्ती र मानव द्वन्द्व निर्मूल गर्ने त्यस्तो अचूक समाधान कसैसँग छैन। हात्ती र मानवबीच सहअस्तित्व कायम गर्नैपर्छ। हात्ती-मानव द्वन्द्व न्यूनीकरणका लागि विद्युतीय तारबार, जनचेतनामूलक कार्यक्रम र सरल क्षतिपूर्तिको व्यवस्थालाई निरन्तरता दिनुपर्छ। त्यसबाहेक हात्ती संरक्षण पार्कको प्रस्तावना यहाँ अघि सारिएको छ। जुन मैले वन्यजन्तु प्रेमीको नाताले आफ्नो अनुभव र ज्ञानको आधारमा खाका कोरेको छु।

हात्ती-मानव द्वन्द्व नेपालको मात्र समस्या होइन। हात्ती पाइने अन्य ठाउँहरूमा यो समस्या रहेको छ। तर थाइल्यान्ड, श्रीलंका जस्ता पर्यटनमा अग्रणी देशहरूले हात्तीको संरक्षण गर्दै पर्यटकीय आकर्षणको केन्द्रका रूपमा हात्ती संरक्षण पार्क सञ्चालन गरेका छन्।

उत्तरी थाइल्यान्डको चियाङ्गमाई सहर नजिक त्यस्ता हात्ती संरक्षण पार्क रहेका छन्। टिम्बर उद्योगमा मेसिनले कामदार हात्तीहरू विस्थापित भएपछि बेकामे हात्तीहरूलाई संरक्षण पार्कमा राखिएका छन्। यो लेखक सन् २०१७ मा चियाङ्गमाईको हात्ती पार्कमा घुमेको थियो भने त्यहीँबाट हात्तीको देश लाओससम्म पुगेको थियो। त्यसैगरी, लेखकले गत २०२१ को अन्ततिर श्रीलंकाको क्यान्डी सहरको नजिक पिनावाला भन्ने स्थानमा हात्ती पार्क भ्रमण गरेको थियो। चियाङ्गमाईका हात्ती पार्कहरू निजी व्यवसायीले सञ्चालन गरेका छन् भने श्रीलंकाको पिनावाला हात्ती पार्क सरकारीस्तरमा सञ्चालन गरिएको छ। क्यान्डी शहरबाट करिब ४० किलोमिटर बाहिर रहेको पिनावाला भन्ने सानो गाउँमा दर्जनौं होटल, रिसोर्टहरू खुलेका छन्।

मेची नदी किनारसँग जोडिएको बाहुनडाँगीको उत्तरपूर्व कुनामा सामुदायिक वन क्षेत्र रहेको छ। सो स्थान लगायत वरपरको क्षेत्रलाई समेटेर हात्ती संरक्षण पार्क बनाउन सकिन्छ। घरपालुवा हात्तीलाई जस्तो जंगली हात्तीलाई व्यवस्थापन गर्न सजिलो छैन। यद्यपि यस पार्कमा भारतबाट नेपाल प्रवेश गर्ने हात्तीको बथानका लागि विश्रामस्थल बनाउन सकिन्छ भने झापामा डुलिहिँडने करिब एक दर्जन रैथाने हात्तीलाई पनि त्यहाँ लगेर व्यवस्थापन गर्न सकिन्छ। यसका लागि संघीय वन तथा वातावरण मन्त्रालयको पहल तथा स्थानीय निकायको साझेदारीमा हात्ती संरक्षण पार्कको योजना कार्यान्वयन गरिनुपर्छ। *इ-कागज*

# कसरी बच्ने सर्पको डसाइबाट ?

विभिन्न अध्यनले देखाए अनुसार नेपालमा सर्पको टोकाइबाट बर्षेनि करिब एक हजार मानिसको मृत्यु हुने गर्छ। तथापि सर्पदंशको विषयमा देशको ध्यान खासै पुगेको पाइँदैन। हुन त संसारभर यो एउटा वास्ता नगरिएको जनस्वास्थ्य समस्या हो। नेपालको परिप्रेक्षमा भने तराईका सबै जिल्ला र केही पहाडी जिल्लामा समेत सर्पको डसाइको प्रकोप पाइन्छ।

हुन त सरकारले सर्पको डसाइविरुद्ध दिइने सुइ ( एन्टी स्नेक भेनम) जनतालाई निःशुल्क उपलब्ध गराएको छ। त्यसका लागि नेपाल सरकारले हरेक वर्ष भारतबाट औषधि खरिद गर्दै आएको छ। तथापि, समस्या अनुसारको उपचार व्यवस्थापनमा सरकारी पहल उल्लेख्य मात्रामा पाइँदैन। खासगरी गर्मीको मौसममा तराई क्षेत्रमा सर्पको डसाइबाट धेरै मानिस पीडित हुने गर्छन्, तर त्यसको तुलनामा सरकारले उपचारमा देखाएको तदारुकता अझै कम छ भन्न सकिन्छ।

सरकारले सर्पले टोकिसकेपछि गर्ने उपचारसँगै टोक्नबाट जोगाउने उपायमा ध्यान दिनु जरुरी देखिन्छ। यस्तै, विषालु सर्पको डसाइबाट सुइले मात्र पनि बिरामीको ज्यान जोगाउन पर्याप्त नहुन सक्छ। बिरामीलाई श्वासप्रश्वास प्रणालीमा अप्ठ्यारो परिसकेको अवस्थामा सर्पको डसाइविरुद्ध दिइने सुइको केही उपयोगिता हुँदैन, अब प्राण जोगाउन चाहिनेकुरा भनेको भेन्टिलेटर हो। भेन्टिलेटरमा राखेर उपचार गर्ने कुरा सबैलाई थाह भएकै कुरा हो। मान्छे ठिक भएर भेन्टिलेटरबाट निकाल्दासम्म सरकारी अस्पतालमा औसतमा २५ हजार रुपैयाँ खर्च हुन्छ। जुन लागत एउटा गरीब मान्छेका लागि हैसियतभन्दा माथिको विषय बनिदिन्छ।



विडम्बना नै भनौं धेरैजसो सर्पको डसाइको सिकार गरीब नै हुन्छन्। तिनीहरुलाई सर्पले टोकिसकेपछि अस्पताल जानुपर्छ भन्ने समेत थाह नहुँदा गाउँघरमा झारफुकतिर लाग्दा अकालमै ज्यान जाने गरेका घटना पनि प्रसस्त छन्।

हामीले सर्पको डसाइबाट बच्ने उपायहरु गाउँ-गाउँका मानिसलाई बुझाउन सके मानवीय क्षति कम गराउन सकिन्छ। जस्तैः अँध्यारोमा हिँड्दा टर्च लिएर हिँड्ने, खाली खुट्टा नहिँड्ने, भुइँमा नसुत्ने, झुल लगाएर मात्र सुत्ने, सुत्नुअघि ओछ्यान राम्रोसँग जाँचेर सुत्ने, घर वरपर सरसफाई गर्ने जस्ता उपाय गाउँका मानिसहरुलाई सिकाउन जरुरी छ। मुख्य कुरा त, यदि सर्पले टोकिहालेमा झारफुकको पछि नलागी सकेसम्म चाँडो अस्पताल लैजाने बारे ग्रामीण भेगका जनतालाई चेतना दिनु अपरिहार्य छ।

आममानिसलाई बुझाउनुपर्ने अर्को महत्वपूर्ण कुरा के पनि छ भने, करिब २० प्रतिशत सर्पमात्र विषालु हुन्छन्। ८० प्रतिशत सर्प विषालु हुँदैनन्, तिनले टोकेमा आत्तिनु पर्दैन। खासगरी, विषालु र विष नभएका सर्प चिन्न सक्नु पनि ठूलो उपलब्धि हुन सक्छ। अर्को कुरा ५० प्रतिशत विषालु सर्पले टोक्ने बेला विष नफालेको अवस्था पनि हुन सक्छ। हाम्रो ठाउँमा पाइने विषालु सर्पमा गोमन र करेतले नशामा प्रभाव पारी मांशपेसी कमजोर बनाउने विष फाल्छन् भने 'भाइपर'ले चाहिँ रगत पातलो बनाउने र रक्तास्राब गराउने विष फाल्ने गर्छ।

प्रायः मानिसको ज्यान लिने सर्प भनेकै करेत र गोमन हुन्। करेत दिनमा लाटो हुने र रातमा चलयमान हुने हुँदा यसले रातिमा सुतेको बेला टोक्ने गर्छ। यसको टोकाइ कहिलेकाहीँ थाह नहुन पनि सक्छ। त्यसैले कोही सुतेको बेला अबेलासम्म उठेन वा अचानक श्वास लिन गाह्रो भएको भए सर्पले टोकेको शंका गर्नुपर्छ।

सर्पको सिजन भनेको चैतदेखि मंसिरसम्म हो। तर, सबैभन्दा बढी सर्पले टोक्ने महिना साउन र भदौ हो। नेपालको मध्य तथा सुदुरपश्चिम क्षेत्रमा धेरै विषालु सर्पको डसाइमा करेत १ नम्बरमा पर्छ।



नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा करिब वार्षिक एक सय जना विषालु सर्पले टोकेका बिरामी आउने गर्छन्। त्यसको करिब पाँच गुणा बढी विषरहित सर्पले टोकेका बिरामी आउँछन्। उक्त अस्पतालमा विषालु सर्पको टोकाइबाट प्रभावित बिरामीको उचित उपचार हुने गरको छ।

साथै 'अ प्रस्पेक्टिभ अब्जर्भेसनल कोहर्ट स्टडी अप स्नेकबाइट इन साउथ वेस्टर्न नेपाल' शीर्षकमा अनुसन्धान जारी रहेकाले यसले सर्प दंशविरुद्धको अभियान प्रभावकारी बन्दै गएको छ। आगामी दिनमा पनि जनताको तहमा पुग्ने गरी जनचेतनामूलक अभियानसँगै उपचार पद्धतिलाई मजबुत बनाउँदै लैजान सके गरीब नेपालीको अकाल मृत्यु घटाउन सकिन्थ्यो कि।

# मंकीपक्स बढ्न थालेपछि निगरानी बढाउन डब्लुएचओको आह्वान

**झापा, साउन ९।** विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले मङ्कीपक्स संक्रमणलाई जनस्वास्थ्य आपत्कालका रूपमा घोषणा गरेको छ।

बहुर्राष्ट्रिय प्रकोपको समीक्षा गर्न साउन ७ गते बसेको अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन आपत्कालीन समितिको बैठकमा सङ्गठनका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयससले मङ्कीपक्स द्रुतगतिमा बढेकाले जनस्वास्थ्य आपत्कालको रूपमा घोषणा गरेका हुन्।

संक्रमण बढ्न थालेपछि डब्लुएचओले दक्षिण-पूर्वी एसिया क्षेत्रका देशहरूलाई मङ्कीपक्सको निगरानी र जनस्वास्थ्यका उपायलाई सुदृढ बनाउन आह्वान गरेको छ। 'मङ्कीपक्स द्रुतगतिमा फैलिरहेको छ र यो पहिले नदेखिएका धेरै देशमा समेत फैलिरहेको छ। जुन ठूलो चिन्ताको विषय हो' -डब्लुएचओको जारी गरेको विज्ञप्तिमा दक्षिण-पूर्वी एसिया क्षेत्रका लागि निर्देशक डा. पुनम खेत्रपाल सिंहले पुरुषसँग यौनसम्पर्क गर्ने पुरुषको सम्बन्धमा भने जोखिममा रहेका जनसंख्यामा केन्द्रित प्रयास मार्फत रोगको थप फैलावटलाई कम गर्न सम्भव भएको बताइन्।



डब्लुएचओका अनुसार विश्वमा ७५ देशहरूमा १६ हजारमा मङ्कीपक्सका संक्रमण पुष्टि भएका छन्। दक्षिण-पूर्वी एसिया क्षेत्रमा, भारतमा तीन र थाइल्याण्डमा एक गरी जम्मा चार मङकीपक्सका संक्रमण पुष्टि भएका डब्लुएचओले जनाएको छ।

भारतमा मध्यपूर्वी देशबाट घर फर्केकामा र थाइल्याण्डमा भने त्यहीँ बसोबास गर्दै आएका एक विदेशी नागरिकमा मङ्कीपक्स संक्रमण पुष्टि डब्लुएचओले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

प्रकोप शुरु भएदेखि नै डब्लुएचओले जोखिम मूल्याङ्कन र जनस्वास्थ्यका उपायको शुरुवात गर्नका साथै यस क्षेत्रमा परीक्षण क्षमताको विकास गर्न पनि सहजीकरण गर्दै आएको जनाएको छ। मङ्कीपक्सको प्रतिकार्यका लागि प्रभावित समुदायलाई सहभागी बनाउनु र सुरक्षित गर्नु, निगरानी र जनस्वास्थ्यका उपायलाई तीव्र बनाउनु, स्वास्थ्य संस्थामा उपचार व्यवस्थापन र संक्रमण रोकथाम तथा नियन्त्रणलाई बलियो बनाउनु र खोपको प्रयोग, उपचार तथा अन्य उपायको अनुसन्धानलाई बढाउनु मुख्य उपाय हुन्।

मङ्कीपक्स भाइरस संक्रमित जनावरसँगको अप्रत्यक्ष वा प्रत्यक्ष सम्पर्कबाट मानिसमा सर्ने गर्दछ। संक्रमित व्यक्तिको छाला वा बिमिरा र श्वासप्रश्वासका थोपाको प्रत्यक्ष सम्पर्कमा आएमा मानिसदेखि मानिसमा यो रोग सर्न सक्छ। हाल प्रकोप फैलिएका देशमा मङ्कीपक्स संक्रमण मध्ये मुख्यरूपमा यौन सम्पर्कसहित नजिकको शारीरिक सम्पर्क मार्फत संक्रमण भएको देखिएको डब्लुएचओले जनाएको छ।

# महुरे-फोक्सिङटार कालोपत्रको काम अन्यौलमा

**झापा, साउन ९।** सगरमाथा राष्ट्रिय राजमार्गमा पर्ने दिक्तेल-गाईघाट सडकखण्डको महुरे-फोक्सिङटार (४९ किलोमिटर) सडक कालोपत्रको काम अलपत्र परेको छ।

दिक्तेलबाट तराईका जिल्ला जोड्ने सबैभन्दा छोटो मार्गमा पर्ने उक्त सडक कालोपत्र ठेकेदार कम्पनीको लापर्बाहीले अलपत्र परेको हो। मध्यपाडी लोकमार्गबाट छुट्टिने महुरेदेखि राजापानीको सिम्पानी (२२ किलोमिटर) सडक कालोपत्रको काम भारत कन्ट्रक्सन/सिद्धी शाही जेभी तथा सिम्पानी भञ्ज्याङदेखि फोक्सिङटार (२७ किलोमिटर) सडकखण्डको काम देवनारायण पवन/मैनाचुली/खाम्पाचे जेभीले जिम्मा लिएको थियो। कालोपत्रको काम सम्पन्न गरेर सडक विभागलाई हस्तान्तरण गरिसक्नुपर्ने उक्त सडक अहिले हिलो र खाल्डाखुल्डीका कारण अवरुद्ध छ।

भारत कन्ट्रक्सन/सिद्धी शाही जेभीले वि.सं. २०७७ असार २९ गते सम्पन्न गर्ने शर्तमा वि.सं. २०७३ असार-३० गते उक्त सडक कालोपत्र गर्न सडक विभागसँग योजनाको सम्झौता गरेको थियो। सम्झौता मिति सकिएको लामो समय बितिसक्दा समेत उक्त सडक कालोपत्रको काम पूरा नहुँदा जिल्लावासी समस्यामा परेका छन्।

रु. ४१ करोड ५० लाखको लागतमा ठेक्का लिएको निर्माण कम्पनीको हालसम्म ३५ प्रतिशत मात्र भौतिक प्रगति देखिएको जनाइएको छ। देवनारायण पवन/मैनाचुली/खाम्पाचे जेभीले जिम्मा लिएको सिम्पानी भञ्ज्याङ-फोक्सिङटार सडक खण्डको काम करिब ५९ प्रतिशत भौतिक प्रगति भएको सडक विभागको अनुमान छ। रु. ५५ करोड ८७ लाखमा वि.सं. २०७७ साउन १० गतेभित्र कालोपत्र पूरा गर्ने शर्तमा वि.सं. २०७३ साल साउन ११ गते सो खण्डको सम्झौता गरिएको थियो। तराईका जिल्लाबाट दैनिक उपभोग्य वस्तु तथा निर्माण सामग्री ढुवानीमा समेत सोही मार्ग प्रयोग गरिने उक्त सडक गत चैतदेखि निर्माणको काम ठप्प छ।

शुरुदेखि नै काममा ढिलासुस्ती गर्दै आएको निर्माण कम्पनीले पछिल्लो समय थपिएको अवधिमा काम नै नगरी हिँडेको स्थानीयवासी एवम् दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ बुइपाका वडाध्यक्ष दिनेश राईले बताए। ठेकेदार कम्पनीको लापरवाहीले सडक कालोपत्रको कामबीचैमा छाडेर अलपत्र पारेपछि अहिले यातायातका कुनै पनि सवारीसाधन सञ्चालन हुने अवस्था नरहेको बताइएको छ।

महुरे-फोक्सिङटार सडक कालोपत्रको काममा गुणस्तरको विषयमा समेत आवाज उठ्ने गरेको छ। महुरे-सिम्पानी (राजापानी) खण्डमा गुणस्तरहीन काम भएको भन्दै स्थानीय मिलन राईको नेतृत्वमा गाउँले मिलेर वि.सं. २०७६ पुस-२३ गते करिब ३० मिटर ड्रेन भत्काइ दिएका थिए।

सडकको काममा चरम ढिलासुस्ती भएको, भएका काम पनि गुणस्तरहीन भएको र कार्यरत कामदारले वर्षौंसम्म पनि पारिश्रमिक नपाएको विरोधमा स्थानीय बासिन्दाले वि.सं. २०७६ पुस २० गतेदेखि महिना दिन सडकको काम ठप्प बनाएका थिए। उक्त सडक कालोपत्रको काममा सहभागी स्थानीय कामदारले अझै पनि पारिश्रमिक तथा होटल र पसलको भुक्तानी पाउन बाँकी रहेको वडाध्यक्ष राईले बताए।

कालोपत्रको काम अलपत्र पार्ने ठेकेदार कम्पनीसँगको सम्झौता तोड्ने वा म्याद थप गरेर उसैलाई बाँकी काम पूरा गर्न लगाउने भन्नेमा छलफल भइरहेको गाईघाट-दिक्तेल सडक कार्यालय उदयपुरका प्रमुख इन्जिनियर गोपाल खकुरेलले बताए।


## VACANCY ANNOUNCEMENT

Post: **Public Relation**
- Traning Officer
- Assistant Manager

**Salary: Negotiable**
Time: 10 A.M. TO 4:00 PM
**Qualification:**
See, +2, MBS, MBA
Birtamode, Jhapa
**9866672579, 9801615396**

## कर्मचारी आवश्यकता

**पद :** लेखापाल **संख्या :** १ जना
**पद :** स्टोर किपर **संख्या :** १ जना
**योग्यता :** +२ पास
**तलब :** आपसी समझदारीमा
**सम्पर्क :**
**होटल होलिडे होम प्रा.लि.**
**बिर्तामोड-५, झापा**
**(मो. :- ९८०१०४३०३६)**

## कर्मचारी आवश्यकता

म:म बनाउन जान्ने- ५ जना
तलब: आपसी समझदारीमा
नोट: खाना/बस्नको व्यवस्था छ।
**मो. ९८०४९३७३९६, ९८२४०२८६५५**


## कर्मचारी आवश्यकता

पद: P.R.O. कार्यालय सहायक
संख्या: १० जना (महिला/पुरुष)
योग्यता: एसएलसी पास वा +२
तलब: १५१,००।-सम्म
नोट: सञ्चयकोष र बोनसको व्यवस्था छ।
**सम्पर्क :**
**ग्रेट फ्युचर कम्पनी**
**भद्रपुर रोड, बिर्तामोड**
**मो. ९८१४३९७३४०**

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त-** ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
***नोट: यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ।***

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

**झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।**

## घर भाडामा

बिर्तामोड नगरपालिका-५ धर्मकाटा उत्तर धिमाल चौकस्थित ३ कट्ठा क्षेत्रफलमा बनेको घर, कम्पाउण्ड तथा पार्किङको सुविधा भएको बैंक, सहकारी, क्लिनिक, ल्याब कन्सलटेन्सी तथा कुनै पनि अफिस सञ्चालनको लागि पहिलो, दोस्रो, तेस्रो तलाहरु भाडामा रहेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
**सम्पर्क:**
**९८१७९८९११५, ९८४२६३९५५५**

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



**सम्पर्क :**
**९८१४९९३७१२, ९८४२६७७८५५**
**९८२४९९०४६२, ९७४५२६०८२५**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



**भूपाल बुढाथोकी**
023-545402
9825952677
9825952680

**सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।**

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

**सम्पर्क:**
**9808705206**
**9863983668**
**9807930740**
**9827930240**



**झट्ट फोन झट्ट सेवा**

## बिर्तामोड नगरपालिका

### सामाजिक सुरक्षा परिचयपत्र
### नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना



जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि कार्तिक मसान्तभित्रमा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ। साथै २०७९ भाद्र मसान्त भित्र नाम नविकरण गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ताको पहिलो त्रैमासिक किस्ता २०७९ आश्विन महिनामा र आश्विन र कात्तिक महिनामा नविकरण गर्ने लाभग्राहीहरुको पहिलो किस्ता मंसिरमा मात्र निकासा हुने हुँदा असोज महिनामै भत्ता लिनका लागी २०७९ भाद्र मसान्त भित्रै नविकरण गरिसक्नु हुन जानकारी गराइन्छ। बालबालिका, पूर्ण अपाङ्गता, ९० वर्षमाथीका लाभग्राहीहरुको हकमा संरक्षक र आफै उपस्थित हुन नसक्नेको हकमा नेपाल मेडिकल काउन्सिल (NMC Register) डक्टरले प्रमाणित गरेको पत्र मार्फत संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ।

**नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

**आवश्यक कागजातहरु**

- नागरिकता प्रमाण पत्रको फोटोकपी
- पासपोर्ट साइजको १ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको फोटोकपी र संरक्षकको नागरिकताको फोटोकपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपी

**बिर्तामोड नगरपालिका**
**राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण शाखा**

## आवश्यकता

महिला तथा पुरुष सेक्युरिटी गार्ड
**संख्या : १५ जना**
**सम्पर्क :**
**इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.**
**प्रधान कार्यालय बिर्तामोड**
**फोन नं. : ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०**

## Free Visa ! Free Ticket ! Free Recruitment !
## (Zero Cost) सहित QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TEYSEER SECURITY SERVICES CO WLL** शहर : **DOHA**
पूर्व स्वीकृत मिति: २०७८/१०/२७ चलानी नं.: ६०१७४२८२ LT. No.: 257798 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Cleaner | 15 | 10 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 29 | 0 | | 1500 | ५२,०६५ | | | | | | | |

**यसको फाइनल अन्तरवार्ता २०७९ साउन १३ र १४ गते (29 & 30 July 2022) मा सिद्धार्थ होटल बिर्तामोडमा हुनेछ।**

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताब्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- विनायक होटल (छेउ), बिर्तामोड, झापा
E-mail : nepal@soundlinesgroup.com
Jhapa: 023- 536663, 9826969623

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

**सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।**




**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आजको दिन स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, आज सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिने छन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ शुभ खबर सुन्न पाइने छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** तपाईको आजको दिन फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दूरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** लामो दूरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँ[redacted] भेटघाट हुने समय रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यापार-व्यवसायमा लाभ प्राप्त हुने योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ [redacted] थालनी गर्नुभएमा तपाईको लागि लाभदाय[redacted] प्रेम सम्बन्ध सुमधुर रहला।